लुम्बिनी प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
☎ ०८२-५९०४३७, ५९०४३८

पत्र संख्या:- २०८२/८३

चलानी नं.:-५८

मिति:२०८२।०४।१९

**विषय:आर्थिक वर्ष २०८२।८३ को अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा राजस्व सङ्कलन र बाँडफाँट सम्बन्धी मार्गदर्शन।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
उप-महानगरपालिका (सबै), लुम्बिनी प्रदेश।
नगरपालिका (सबै), लुम्बिनी प्रदेश।
गाउँपालिका (सबै), लुम्बिनी प्रदेश।

नेपालको संविधान र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई आर्थिक वर्ष २०८२/८३ मा उपलब्ध गराउने राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम प्रदेश विनियोजन ऐन. २०८२ बमोजिम स्वीकृत भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐनमा व्यवस्था भए अनुरुप अनुदान हस्तान्तरण तथा आयोजना/कार्यक्रम हस्तान्तरण र सोको कार्यान्वयन गर्नुपर्ने हुँदा उक्त प्रावधान सहितको मार्गदर्शन यस मन्त्रालयको मिति २०८२/०४/१९ को निर्णय (मा.मन्त्रीस्तर) अनुसार जानकारी तथा कार्यान्वयनको लागि पठाइएको छ। प्रदेश विनियोजन ऐन, २०८२ र यो मार्गदर्शनको पालनाबाट वित्तीय हस्तान्तरण र आयोजना/कार्यक्रम कार्यान्वयनमा सहजता आउने विश्वास लिइएको छ। राजस्व बाँडफाँट, साथै वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान तथा विशेष अनुदानको रकम र आयोजना तथा कार्यक्रम प्रदेश स्तरीय मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System-PLMBIS) मा प्रविष्ट गरिएकोले सोही प्रणालीबाट अवगत गर्नु हुन अनुरोध छ।

यसै सन्दर्भमा, आ.व.२०८२।०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन एवम् राजस्व सङ्कलन तथा बाँडफाँट गर्दा प्रदेश विनियोजन ऐन, २०८२ र प्रदेश आर्थिक ऐन, २०८२ का प्रावधानहरुका साथै देहायका विषय समेत कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (४) बमोजिम मार्गदर्शन प्रेषित गरेको छु।

१. प्रदेश आर्थिक ऐन, २०८२ बमोजिम मनोरञ्जन कर, विज्ञापन कर र प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्रीबाट प्राप्त आय स्थानीय विभाज्य कोषमा जम्मा गरी मासिक रुपमा बाँडफाँट गर्नुहुनेछ। स्थानीय तहले राजस्व बापतको रकम मासिक रुपमा बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा जम्मा नगरेमा प्रदेश सरकारबाट सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइने अनुदानबाट कट्टा गरिने व्यवस्था मिलाइएको छ।
२. स्थानीय तहभित्र रहेका उद्यान, पार्क, पदमार्ग, भ्यु टावर, पिकनिक स्पट, तालतलैया, ऐतिहासिक सङ्ग्रहालय जस्ता संरचना तथा नेपाल सरकार र प्रदेश सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचीन स्मारक र पुरातात्विक सम्पदामा प्रवेश गरेबापत सम्बन्धित स्थानीय तहले कानुन बमोजिम मनोरञ्जन कर लगाई स्थानीय विभाज्य कोषमा दाखिला गर्नुहुनेछ।
३. वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा पहिलो, दोस्रो र तेस्रो किस्ता शुरु अनुमान बमोजिम र चौथो किस्ता चैत्र मसान्तसम्मको राजस्व सङ्कलन र लक्ष्यको आधारमा हस्तान्तरण गरिनेछ।
४. प्रदेश समपूरक अनुदानबाट सञ्चालन गरिने आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश सरकार र स्थानीय तहको हिस्सा प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि,२०८१ बमोजिम हुने भएकोले सोही अनुपातमा कार्यान्वयन प्रकृया अगाडि बढाउनुहुनेछ।

प्रमुख सचिव

☎ ०८२-५९०४३७, ५९०४३८

५. प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण बापतको अनुदान रकमबाट सञ्चालन गरिने भौतिक पुर्वाधार सम्बन्धी आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा विनियोजित बजेट भन्दा बढी ठेक्का लगाउनु हुने छैन । विनियोजित बजेट भन्दा बढी रकमको ठेक्का लगाइएमा थप गरिएको रकमको दायित्व प्रदेश विनियोजन ऐन,२०८२ को दफा ९ को उपदफा (२) (ज) बमोजिम सम्बन्धित स्थानीय तहले व्यहोर्नुपर्नेछ । साथै, पूर्वाधार तर्फका आयोजना वा कार्यक्रम उपभोक्ता समिति/गैरसरकारी संस्था/सहकारी संस्था मार्फत कार्यान्वयन गर्न पाइने छैन ।

६. प्रदेश विनियोजन ऐन,२०८२ को दफा ९ को उपदफा (२) (छ) बमोजिम सशर्त, समपूरक र विषेश अनुदानका आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि एक पटक ठेक्का बन्दोवस्त भइसकेपछि बचत रकमबाट पुन: ठेक्का लगाउन तथा खरिद सम्बन्धी थप काम गर्न नपाइने व्यवस्था पूर्णरुपमा कार्यान्वयन गर्नुहुनेछ ।

७. सशर्त, समपूरक र विशेष अनुदान रकमको एकतिहाई बराबरको रकम भाद्रमसान्तभित्र र बाँकी रकम कार्य प्रगति र खर्च विवरणका आधारमा हस्तान्तरण गरिनेछ । सशर्त, समपूरक र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषयक्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्वन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान सम्वत् २०८२ साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ ।

८. सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले प्रदेश लेखा इकाइ कार्यालय मार्फत आर्थिक वर्ष २०८२/८३ को असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ । उक्त बचत रकम फिर्ता नगरेको अवस्थामा प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको रकमवाट कट्टा गरी समायोजन गर्नेछ ।

९. सम्बन्धित स्थानीय तहको चालु आर्थिक वर्ष २०८२/८३ को आम्दानी र खर्चको विवरण तोकिएको ढाँचामा सम्वत् २०८३ साउन मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्वन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ । त्यस्तो विवरण प्राप्त नभई आगामी आर्थिक वर्ष २०८३/८४ को राजस्व वाँडफाँट र अनुदान वापतको रकम हस्तान्तरण हुने छैन ।

१०. प्रदेश विनियोजन ऐन, २०८२ बमोजिम तहाँ हस्तान्तरण भएका कुनै कार्यक्रमको उद्देश्य, मर्म र विषयगत क्षेत्र परिवर्तन नहुने गरी नाम, ठेगाना जस्ता विषयमा सामान्य संशोधन गर्नुपर्ने भएमा सम्बन्धित कार्यपालिकाको निर्णय सहित दोस्रो त्रैमासिक अबधिभित्र यस मन्त्रालयमा पठाउन सकिनेछ। आर्थिक मामिला तथा योजना मन्त्रालयले माघ मसान्तसम्म त्यस्तो संशोधन गर्न सक्ने छ ।

११. तहाँबाट कानुन बनाउँदा देहायका विषयलाई पालना गर्ने व्यवस्था मिलाउनुहुनेछ:

(क) नेपाल सरकार र प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) मनोरञ्जन कर, विज्ञापन कर र प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्रीबाट प्राप्त आय स्थानीय विभाज्य कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) प्रदेश सरकारको लगानी वा साझेदारीमा निर्माण भएका एवम् वन क्षेत्र तथा सार्वजनिक स्थलमा निर्माण तथा सञ्चालनमा रहेका पार्क, उद्यान, पिकनिक स्पट, भ्यू टावर जस्ता संरचनाबाट प्राप्त आम्दानी विभाज्य कोषमा राखी प्रदेश सरकारसँग बाँडफाँट गर्ने ।

प्रदेश सचिव

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ तथा अन्य प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्ने।

**संलग्न**

प्रदेश विनियोजन ऐन, २०८२ – थान १

प्रदेश आर्थिक ऐन, २०८२ – थान १

**बोधार्थ:**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश।
श्री लुम्बिनी प्रदेश योजना आयोग, राप्ती उपत्यका (देउखुरी), नेपाल।
श्री प्रदेश लेखा इकाइ कार्यालय(सबै), लुम्बिनी प्रदेश।
श्री सबै महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल।

(डिलाराम पन्थी)
प्रदेश सचिव